स्थानीय सरकार

पाँचपोखरी थाङ्पाल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

थाङ्पालधाप, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं.: २०८१/०८२

चलानी नं. ३००६

मिति २०८२।०३।२६

श्री जो जससँग सम्बन्धित छ ।

**विषयः- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा सिन्धुपाल्चोक जिल्ला, पाँचपोखरी थाङ्पाल गाउँपालिका वडा न. ६ अन्तर्गत श्री थाङ्पालधाप माध्यमिक विद्यालयमा रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणी सामाजिक विषयको शिक्षक पदमा सरुवा भइ आउन आवश्यक प्रकिया अगाडि बढाइदिन भनी विद्यालयको च.न. ४९, मिति २०८२।०३।२५ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलिको अनुसूची -१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्चः**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना dhapschool2024@gmail.com मार्फत निवेदन पेश गर्न सकिने छ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

सम्पर्क न. ९८६४१६५३७०

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाई, चौतारा, सिन्धुपाल्चोक ।

श्री थाङ्पालधाप माध्यमिक विद्यालय, पाँचपोखरी थाङ्पाल गाउँपालिका ०६, सिन्धुपाल्चोक ।

श्री सूचना प्रविधि शाखा सूचना वेभसाइटमा अपलोड गरिदिनु हुन ।

राम प्रसाद न्यौपाने

नि प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत